# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन तथा व्यवस्थापन विभाग

परिपत्र नं. संगठित संस्था /०४/२०७७/०७८ मिति: २०७७/११/०४

च.नं ११२५

सबै सूचीकृत संगठित संस्थाहरु

**विषयः सञ्चालन तथा वित्तीय विवरणहरु सार्वजनिक गर्नुपर्ने व्यवस्थाका सम्बन्धमा ।**

महाशय,

नेपाल धितोपत्र बोर्डमा धितोपत्र दर्ता गराएका सबै संगठित संस्थाहरुले धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुलाई संगठित संस्थाको सञ्चालन तथा वित्तीय अवस्थाको बारेमा सुसुचित गराउन, अध्ययन अनुसन्धानमा सहजता ल्याउन, सुसुचित भै लगानी गर्न र पूँजीबजारलाई स्वच्छ र प्रभावकारी बनाई लगानीकर्ताको हित संरक्षण गर्ने कार्यलाई व्यवस्थित गर्न संगठित संस्थाहरुलाई देहाय बमोजिमको कार्य गर्न र कानूनले तोकिदिएको समयभित्रै गर्न गराउन धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८७ ले दिएको अधिकार प्रयोग गरी संलग्न बमोजिमको निर्देशन जारी गरिएको छ ।

१. संगठित संस्थाहरुले आफ्नो वेभसाईट (website) तयार गरी आफ्नो संस्थाको लेटर प्याडमा समेत उक्त वेभसाईटको नाम उल्लेख गर्नुपर्नेछ ।

२. संगठित संस्थाहरुले आफ्नो वेभसाईटमा संस्थाको परिचय, सञ्चालक समिति, व्यवस्थापन समिति, गुनासो सुन्ने अधिकारी, अनुपालना अधिकारी र कम्पनी सचिव आदिको विवरण (नाम र फोन नं. समेत) दुरुस्त राख्नुपर्नेछ ।

३. संगठित संस्थाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) बमोजिम प्रत्येक तीन महिनाको अनुसूची - १४ मा उल्लेखित विवरणहरु सो त्रैमासिक अवधि समाप्त भएको तीसदिनभित्र बोर्ड समक्ष पेश गर्ने र त्यस्तो प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरी आफ्नो वेभसाईट (website) मा कम्तीमा पाँच वर्षसम्म उक्त प्रतिवेदन राख्ने व्यवस्था गर्नुपर्नेछ ।

४. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) बमोजिम संगठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पाँच महिनाभित्र अनुसूची- १५ बमोजिमको वार्षिक प्रतिवेदन बोर्ड र धितोपत्र बजार समक्ष पेश गर्ने र सो विवरण आफ्नो वेभसाईट (website) मा कम्तीमा पाँच वर्षसम्म राख्ने व्यवस्था गर्नुपर्नेछ ।

५. निर्देशन नं. ४ बमोजिम पेश गर्ने विवरण स्वीकृत लेखामान र नियमनकारी निकायले निर्धारण गरेको मापदण्ड अनुरुप हुनुपर्नेछ ।

६. संगठित संस्थाले सूचीकृत धितोपत्रको बजार मूल्यमा असर पार्न सक्ने सूचना (Price Sensitive Information) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-१६ मा उल्लेखित कुनै घटना वा कारोबार भएमा त्यस्तो विषयको सूचना तत्काल धितोपत्र बजारमा दिई आफ्नो वेभसाईटमा राखी बोर्डमा समेत यथासिघ्र विद्युतीय माध्यमबाट सूचना दिनुपर्नेछ ।

७. संगठित संस्थाले निर्देशन नं. ६ बमोजिमका कुनै पनि सूचना तथा विवरण बोर्डमा जानकारी गराउँदा बोर्डले विकास गरी लागू गरेको विद्युतीय विवरण प्रवाह प्रणाली ERRS (Electronic Reporting and Retrieval System) वा इमेल मार्फत जानकारी दिनुपर्नेछ ।

८. संगठित संस्थाले साधारण सभाको सूचना र उक्त सभामा छलफल हुने विषय साधारण सभा हुनु पूर्व र साधारण सभा सम्पन्न भएको ३० दिनभित्र साधारण सभामा पेश भएका प्रस्ताव, छलफल भएका विषय र निर्णय सम्बन्धी विवरण बोर्डमा अनिवार्य रुपमा पेश गर्ने साथै आफ्नो वेभसाईट (website) मा समेत राख्ने व्यवस्था गर्नुपर्नेछ ।

९. संगठित संस्थाले वार्षिक प्रतिवेदनका साथ बोर्डमा तोकिदिएको ढाँचामा संस्थागत सुशासन सम्बन्धी प्रतिवेदन समेत आफ्नो वेभसाईट (website) मा समेत राख्ने व्यवस्था गर्नुपर्नेछ ।

१०. संगठित संस्थाले आफ्नो वेभसाईटमा संगठित संस्थाको कम्तीमा पछिल्लो पाँच वर्षको प्रमुख वित्तीय परिसुचकहरु (जस्तै संस्थाको पूँजी, वार्षिक आम्दानी, खर्च, जगेडा कोष, प्रति शेयर आम्दानी, मूल्य आम्दानी अनुपात, प्रति शेयर नेटवर्थ र लाभांस) लगायतका विवरणहरुको चार्ट सहितको प्रोफाईल बनाई आफ्नो बेभसाईटमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

११. यस निर्देशनमा उल्लेख भए अनुरुप कार्य समयमै भए नभएको यकिन त्रैमासिक रुपमा सम्बन्धित संगठित संस्थाका प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव वा अनुपालन अधिकृतले गर्नुपर्नेछ ।

द्रष्टव्य: उपर्युक्त व्यवस्थाहरुको परिपालनाको स्थिति बोर्डबाट २०७७ साल फाल्गुण मसान्तदेखि अनुगमन गरिनेछ । यी निर्देशनहरुको पालना भएको नपाईएमा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ बमोजिम कारवाही तथा दण्ड जरिवाना हुनेछ ।

(निरज गिरी)
कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री नेपाल धितोपत्र बोर्ड, अध्यक्षको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा,सिंहदरबार ।
३. श्री नेपाल धितोपत्र बोर्ड, सुपरीवेक्षण तथा अध्ययन अनुसन्धान विभाग ।
४. श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, युएनआई, शान्तीमार्ग, भद्रकाली, काठमाडौं ।